# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची
५ नं. प्रदेश, नेपाल

पत्र संख्या/Ref. No.:

चलानी नम्बर/Dispach No.:

मिति/Date: २०७७/०४/१८

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकासित मितिः-२०७७/०४/१८)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं.२०७७/७८, च.नं.PMEP/२३ को मिति २०७७/०४/१२ को पत्रानुसार यस पाणिनी गाउँपालिकामा सञ्चालित रोजगार सेवाकेन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | माग संख्या |
|---|---|---|---|---|
| १. | ०१/०७७/०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव
- सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
- अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-
  - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
  - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।
  - उमेरः- कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थानः पाणिनी गाउँ कार्यपालिकाको कार्यालय दुर्गाफाँट, अर्घाखाँची ।

३. दरखास्त दिने अन्तिम मितिः- २०७७/०५/०१ गते कार्यालय समय भित्र ।

४. आवेदन दस्तुरः- रु.१,०००.००

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयंले प्रमाणित गरेको देहायको कागजातको प्रतिलिपिहरु
  - नागरिकता
  - न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
  - चारित्रिक प्रमाणपत्र
  - अनुभव खुल्ने कागजात
  - २ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधाः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृयाको दफा (११) (१२) र (१३) बमोजिम हुनेछ ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

नोटः- आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

२०७७/०४/१८

नि. प्रमुख प्रशासकिय अधिकृत